म.प.बै.सं. १३।०८०

## संवत् २०८० साल मंसिर १० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. Department Of Livestock Development, Bangkok, Thailand बाट इति सम्बत् ६ देखि १४ डिसेम्बर, २०२३ सम्म थाइल्यान्ड स्थित विभिन्न निकायहरुको अध्ययन अवलोकन भ्रमणका लागि आमन्त्रण भइ आएकोमा प्रचलित कानून बमोजिम सुविधा पाउने गरी देहायका पदाधिकारी एवं कर्मचारीहरुको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

२. मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरुको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न विभिन्न कठिनाई भइरहेकोले आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ३८ मा उल्लिखित खर्च शीर्षकहरुमा विनियोजित बजेट फुकुवा गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

म.प.बै.सं. १४।०८०

## संवत् २०८० साल मंसिर १८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः प्रादेशिक व्यापार तथा व्यवसाय विधेयक मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२. खेलकुद तथा समाज कल्याण मन्त्रालयः भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्माण कार्यको जिम्मेवारी दिने गरी रामजानकी बहुउद्देशीय रंगशालालाई मधेश प्रदेश सरकारको गौरवको कार्यक्रम घोषणा गर्ने ।

३. शिक्षा तथा संस्कृति मन्त्रालयः शिक्षा विकास निर्देशनालयका निर्देशक श्री चुडामणि फुयाललाई निर्देशकको समेत जिम्मेवारी दिइएकोमा उक्त जिम्मेवारी कायम नराख्ने गरी अधिकृत दशौं श्री दिलिप कुमार ठाकुरलाई कायम मुकायम मुकरर गर्ने ।

४. शिक्षा तथा संस्कृति मन्त्रालयः शिक्षा विकास इकाई स्थापना तथा संचालन निर्देशिका, २०८० स्वीकृत गर्ने ।

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः विभिन्न अस्पतालहरुमा आ.व. २०८०।८१ का लागि लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

६. मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम २९ को उपनियम (१) बमोजिम गृह, सञ्चार तथा कानून मन्त्री माननिय मोहम्मद समिमलाई मधेश प्रदेश सरकारको प्रवक्ता तोक्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।